# जिल्ला समन्वय समितिको कार्यालय

सिन्धुपाल्चोक,चौतारा

प.सं. ०८२/८३
च.नं. १६३

मितिः२०८२/०७/१२
नेपाल सम्बत ११४५

विषय : निर्णय कार्यन्वयन गर्ने सम्बन्धमा।

श्री चौतारा साँगाचोकगढी, मेलम्ची, बाह्रबिसे नगरपालिका
श्री बलेफी, जुगल, इन्द्रावती, लिसंखुपाखर गाउँपालिका
श्री जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक
श्री जिल्ला प्रहरी कार्यालय, सिन्धुपाल्चोक
श्री सशस्त्र प्रहरी बल नेपाल १६ नं हे क्वा, सिन्धुपाल्चोक
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सिन्धुपाल्चोक
श्री पूर्वाधार विकास कार्यालय, सिन्धुपाल्चोक
श्री डिभिजन वन कार्यालय, सिन्धुपाल्चोक
श्री भू- तथा जलाधार व्यवस्थापन कार्यालय
श्री राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय
श्री उद्योग वाणिज्य तथा घरेलु कार्यालय

प्रस्तुत विषयमा ढुंगा, गीट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धि(पहिलो संसोधन) मापदण्ड, २०७९ को दफा ९ मा व्यवस्था भए बमोजिम नदिजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, संकलन र बिक्री सम्बन्धि प्रक्रियाको अनुगमन गर्न गठित नदिजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समितिको मिति २०८२/०७/१२ गते बसेको बैठकको निर्णय कार्यन्वयन गर्नु / गराउनुहुन निर्णयको प्रतिलिपी यसै पत्रसाथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ ।

२०८२/०७/१२
प्रशान्त अधिकारी
नि. जिल्ला समन्वय अधिकारी
जिल्ला समन्वय अधिकारी

फोन नं. ०११—६२०१०२/Email : ddcsindhupalchowk@gmail.com

आज मिति २०८२।०७।१२ गतेका बिहान ८:३० बजे ढुंगा, गीट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धि(पहिलो संसोधन) मापदण्ड, २०७९ को दफा ९ मा व्यवस्था भए बमोजिम नदिजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, संकलन र बिक्री सम्बन्धि प्रक्रियाको अनुगमन गर्न गठित नदिजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समितिको वैठक जिल्ला समन्वय समितिका प्रमुख श्री बालकृष्ण श्रेष्ठज्यूको संयोजकत्वमा बसी देहायको उपस्थितिमा देहायबमोजिमका निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

श्री बालकृष्ण श्रेष्ठ, प्रमुख, जिल्ला समन्वय समिति - संयोजक
श्री बन्धु प्रसाद बास्तोला, प्रमुख जिल्ला अधिकारी - सह- सयोंजक
श्री रामेश्वर कार्की - प्रमुख, जिल्ला प्रहरी कार्यालय - सदस्य
श्री अच्युत कुमार मजगैया, प्रमुख, जिल्ला सशस्त्र प्रहरी बल -सदस्य
श्री महेश तिमल्सिना, कोष नियन्त्रक, कोष तथा लेखा नियन्त्रक कार्यालय - सदस्य
श्री प्रकाश पौडेल, प्रमुख, पूर्वाधार विकास कार्यालय - सदस्य
श्री शंकर प्रसाद त्रि प्रमुख, डिभिजन बन कार्यालय - सदस्य
श्री बिरसु तामाङ ...... प्रमुख, भू-तथा जलाधार व्यवस्थापन कार्यालय - सदस्य
श्री प्रशान्त अधिकारी, नि.जिल्ला समन्वय अधिकारी -सदस्य सचिव

<u>आमन्त्रित</u>

श्री पदमनाथ नेपाल, उपप्रमुख, जिल्ला समन्वय समिति, सिन्धुपाल्चोक
श्री कृष्ण प्रसाद सापकोटा, प्रमुख, चौतारा साँगाचोकगढी नगरपालिका
श्री आइतमान तामाङ, प्रमुख, मेलम्ची नगरपालिका
श्री बालकृष्ण बस्नेत, प्रमुख , बाह्रबिसे नगरपालिका
श्री झम्क नाथ नेपाल, अध्यक्ष, इन्द्रावती गाउपालिका
श्री भक्तध्वज बोहरा, अध्यक्ष, त्रिपुरासुन्दरी गाउपालिका
श्री गंगा बहादुर तामाङ, बलेफी गाउपालिका
श्री निमेष मिश्र , प्र.प्र.अ , मेलम्ची नगरपालिका
श्री वैकुण्ठ प्रसाद सापकोटा, प्र.प्र.अ, चौतारा साँगाचोकगढी नगरपालिका
श्री अनुनय बाँस्तोला, प्र.प्र.अ, बाह्रबिसे नगरपालिका

उमा प्रधान उपप्रमुख मेलम्ची

श्री सुवास कार्की, प्रमुख, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय

श्री त्रिपुरारी बखेल, प्रमुख, उद्योग वाणिज्य तथा घरेलु कार्यालय

श्री लोकेन्द्र बहादुर राई, प्र.प्र.अ, बलेफी गाउँपालिका

श्री गौरवराज के.सि, प्र.प्र.अ, जुगल गाउँपालिका

श्री भलाकाजी राई, बाह्रबिसे नगरपालिका, राजश्व शाखा

मनोहरि बाल्के प्र.प्र.अ. [illegible] गाउँपालिका।

प्रस्तावहरु:

१. खानी तथा भूगर्भ विभागको पत्रबारे अनुगमन गर्ने सम्बन्धमा ।

२. नदिजन्य पदार्थको उत्खनन र विक्रि वितरणको अवस्थाबारे छलफल ।

निर्णयहरु:

१. खानी तथा भूगर्भ विभाग, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको पत्र संख्या ०८२/०८३/३७९ च.नं ६०४ मिति २०८२/०६/०८ गते र पत्र संख्या ०८२/८३/३९५ च.नं ६२९ मिति २०८२/०६/०९ गतेको पत्रहरुको सम्बन्धमा अनुगमन गरी १५ दिन भित्र प्रतिवेदन पेश गर्न तपसिल बमोजिमको एक उपसमिति गठन गर्ने निर्णय गरियो।

१. डिभिजन वन कार्यालय, प्रमुख -संयोजक
२. भू-तथा जलाधार व्यवस्थापन कार्यालय,प्रतिनिधि -सदस्य
३. उद्योग वाणिज्य तथा घरेलु कार्यालय, प्रतिनिधि - सदस्य
४. जुगल गाउँपालिका, प्र.प्र अ - सदस्य
५. जिल्ला प्रहरी कार्यालय, प्रतिनिधि -सदस्य
६. जुगल गाउँपालिका, इन्जिनियर -सदस्य
७. जिल्ला समन्वय समिति, इन्जिनियर -सदस्य सचिव

२. बाह्रबिसे नगरपालिका वार्ड नं २ स्थित कर्थलीमा भएको ढुंगा उत्खननका सम्बन्धमा हाललाई उत्खनन् कार्य रोक्ने र प्रक्रियागत ढंगले अगाडी बढ्न स्थानीय तहलाई लेखि पठाउने निर्णय गरियो ।

३. प्रारम्भिक वातावरणीय प्रतिवेदन(IEE) वेगर नदिजन्य पदार्थको उत्खनन् हुने गरेको, प्रारम्भिक वातावरणीय प्रतिवेदन(IEE) गरेपनि सो प्रतिवेदनमा तोकिएको स्थानभन्दा फरक स्थानहरुबाट उत्खनन् हुने गरेको र विल विजक विना नदिजन्य पदार्थको ढुवानी हुने गरेको सम्बन्धमा ढुवानीगर्दा अनिवार्य बिल बिजक प्रयोग गर्न लगाउने र सो नगर्नेलाई कानुन बमोजिम कारवाही गर्न सिफारिस गर्ने निर्णय गरियो ।

४. क्रसर, वासिंग उद्योग तथा दहत्तर बहत्तरको ठेक्कापट्टा गर्ने व्यवसायीहरुबाट सवारीसाधनमाथि जाली लगाई बालुवा चालेर बिक्रि वितरण गरेको पाइएकोले सो कार्य नगर्न/ नगराउनुहुन सम्बन्धित सरोकारवालाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

५. सिन्धुपाल्चोक जिल्लाका क्रसर तथा वासिंग उद्योगहरुसंग आ.व ०८१/०८२ को कर चुक्ता विवरण माग गर्ने निर्णय गरियो ।